धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १८ ◆ २०८३ साउन १८ गते सोमबार, Monday, August 3, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## जलविद्युत आयोजना स्थानीय आवश्यकतामुखी बनाउन जोड

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेसी । उत्तरी धादिङको रुबीभ्याली गाउँपालिकामा निर्माणाधीन तथा प्रस्तावित जलविद्युत् आयोजनाहरू स्थानीय समुदायको आवश्यकता र हितलाई प्राथमिकता दिएर सञ्चालन गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेको अध्यक्षतामा शुक्रबार धादिङबेसीमा आयोजित छलफलमा जलविद्युत् आयोजनाले सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गर्ने कार्यक्रम पारदर्शी, प्रभावकारी र स्थानीय आवश्यकतामा आधारित हुनुपर्ने धारणा राखिएको हो । गाउँपालिका क्षेत्रमा विद्युत् उत्पादनका लागि दर्ता भएका १२ आयोजनामध्ये छलफलमा पाँच आयोजनाका प्रतिनिधि मात्र सहभागी थिए । छलफलमा जानकारी दिइएअनुसार जलविद्युत् आयोजनाले कुल लागतको शून्य दशमलव ७५ प्रतिशत रकम सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोजनाका प्रतिनिधिहरूले गाउँपालिका र वडाको मागअनुसार विद्यालय, सडक निर्माण तथा मर्मत, हेलिप्याड निर्माण र विभिन्न सिर्जनात्मक गतिविधिमा सहयोग गर्दै आएको बताएका छन् । स्थानीय मिम्बा तामाङले सामाजिक उत्तरदायित्वको रकम स्थानीय आवश्यकता पहिचान गरी पारदर्शी रूपमा खर्च गर्नुपर्ने बताए । स्थानीयवासीले जग्गाको मुआब्जामा एकरूपता, वातावरण संरक्षण, तातोपानी तथा पुरातात्त्विक र धार्मिक क्षेत्रको संरक्षण तथा गाउँलेले प्रयोग गर्दै आएका बाटो र खानेपानीका स्रोत सुरक्षित गर्न माग गरेका छन् । आयोजनाका तर्फबाट भने पहुँच सडक, विद्युत् सबस्टेसन, सञ्चार सुविधा, सुरक्षा र जग्गा प्राप्तिमा सरकारी सहजीकरणको माग गरिएको सांसद बोधनारायण श्रेष्ठले जानकारी दिए ।

छलफलमा २५.४ मेगावाटको गोरक्ष जलविद्युत् आयोजनाको आधाभन्दा बढी भौतिक काम सम्पन्न भएको तथा ४४ मेगावाटको अपर आँखुखोला आयोजनाले सात किलोमिटर सुरुङ निर्माण गर्ने जानकारी दिइयो। त्यस्तै, ४.२ मेगावाटको लापाखोला आयोजनाको काम सुरु भएको छ भने २५ मेगावाटको जलशक्ति र सात मेगावाटको रुबीभ्याली आयोजनाले जग्गा प्राप्ति तथा प्रारम्भिक काम अघि बढाएका छन् ।

## गृहमन्त्री र हिन्दूवादी प्रतिनिधिबीच १३ बुँदे सहमति

❑ *प्रत्यूष समाचारदाता*

जनकपुरधाम । गृहमन्त्री सुधन गुरुङसहितको सरकारी वार्ता टोली र हिन्दूवादी सङ्गठनका प्रतिनिधिहरू बीच १३ बुँदे सहमति भएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषामा शनिबार राति सम्पन्न वार्तामा १३ बुँदे सहमति भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिनुभयो। वार्तामा आन्दोलनरत् हिन्दू सम्राट सेनालगायतका संयुक्त हिन्दू मोर्चाले धार्मिक सद्भाव, सामाजिक शान्ति र राष्ट्रिय पहिचानसँग सम्बन्धित विषय उठाउँदै १३ बुँदे मागपत्र पेस गरेको थियो । सोही मागपत्रका आधारमा सहमति भएको जनाएको छ ।

सहमतिअनुसार नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने विषयमा तीन महिनाभित्र सर्वदलीय छलफल प्रक्रिया अगाडि बढाउने, धार्मिकस्थलमा हतियार प्रदर्शन तथा उत्तेजक गतिविधि नियन्त्रण गर्न, मठमन्दिर, मस्जिद, गुम्बा र चर्चलगायतका धार्मिकस्थलमा जडान गरिएका लाउडस्पिकर तथा ध्वनि विस्तारक उपकरणको प्रयोगलाई व्यवस्थित गरिने, आवश्यक धार्मिक गतिविधिमा सीमित ध्वनि प्रयोगको व्यवस्था मिलाइने सहमति भएको छ ।

यस्तै, धार्मिकस्थलमा बसोबास गर्ने व्यक्तिहरूको अभिलेखीकरण गर्न, विदेशी नागरिक भए सम्बन्धित निकायमार्फत निगरानी र व्यवस्थापन गर्न तथा सामाजिक सञ्जालमार्फत धार्मिक, साम्प्रदायिक वा जातीय द्वेष फैलाउने व्यक्तिमाथि कानुनी कारबाही गरिने, सुनसरीको देवानगन्ज घटनापछि पक्राउ परेकाहरूको मुद्दा पुनरावलोकन गरी आवश्यक निर्णय लिन, आन्दोलनका क्रममा घाइते भएकाहरूको उपचार तथा स्वास्थ्य सेवाको व्यवस्था गर्न र धार्मिक आयोगहरूको औचित्य, आवश्यकता तथा कानुनी आधारको पुनरावलोकन गरिने सहमति भएको उल्लेख छ । त्यसैगरी, आन्दोलनमा सहभागी नागरिकहरूको सुरक्षा सुनिश्चित गरिने, नेपाली नागरिकता वितरण प्रक्रियाको छानबिन गरी विदेशी नागरिकसँग सम्बन्धित विषयमा कानुनी प्रक्रिया अघि बढाउन तथा मदरसा, मस्जिद र अन्य धार्मिक



संस्थामा प्राप्त हुने विभिन्न स्रोतको आर्थिक अनुगमन गरिने, धार्मिक संस्थामा आउने आर्थिक स्रोतको पारदर्शिता कायम गर्न र आवश्यक परे नियमन तथा कारबाही प्रक्रिया अगाडि बढाउने सहमति भएको छ ।

वार्तामा गृहमन्त्री गुरुङ, मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराई, गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रतिनिधिसभा सदस्य मनिष झा, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह तथा हिन्दू सम्राट सेनालगायतका हिन्दूवादी सङ्गठनका प्रतिनिधिलगायत सहभागिता रहेको थियो ।

## भारतीय रकमसहित दुई जना नियन्त्रणमा

वीरगञ्ज । प्रहरीले स्रोत नखुलेको भारतीय रकमसहित दुई जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मातहतको इलाका प्रहरी कार्यालय जानकी टोलबाट खटिएको प्रहरीले विशेष सूचनाका आधारमा पर्साको जगरनाथपुर गाउँपालिका स्थित वडा नं. २ नहर सडकखण्डमा ना१०प ४४६९ नम्बरको मोटरसाइकलमा जाँच गर्दा स्रोत नखुलेको भारतीय रकम भेटिएको हो । प्रहरीका अनुसार मोटरसाइकलमा सवार मकवानपुर को राक्सिराङ गाउँपालिका-२ घर भई चितवनको माडी नगरपालिका-९ हनुमानझुला बस्ने ४२ वर्षीय दिपेश हिमडुङ र सोही स्थानका २६ वर्षीय तिलक हिमडुङलाई खानतलासी गर्दा निजहरूका साथबाट स्रोत नखुलेको प्रतिबन्धित भारतीय रकम फेला परेको जानकारी दिनुभयो ।

## वायुसेवा निगमको सञ्चालन व्यवस्थापनमा सुधार

काठमाडौँ । नेपाल वायुसेवा निगमले नयाँ नेतृत्व पाएसँगै संस्थागत सुधार कार्यले गति लिन थालेको छ । व्यवस्थापकीय सुधार, कार्यसम्पादनमा जवाफदेहिता र व्यावसायिक दृष्टिकोणलाई प्राथमिकतामा राखेसँगै निगमको आम्दानी, सिट उपयोगिता तथा सञ्चालन व्यवस्थापनमा सुधार देखिएको हो ।

गत जेठ ५ गते खुला प्रतिस्पर्धाबाट छनोट भएका पाँच जना स्वतन्त्र सञ्चालक तथा मन्त्रालयका दुई प्रतिनिधि सहित निगममा सात सदस्यीय सञ्चालक समिति गठन गरिएको थियो । गत असार ३० गतेको मन्त्रिपरिषद् निर्णयबाट हवाई सेवा क्षेत्रका विज्ञ महेश्वरभक्त श्रेष्ठलाई महाप्रबन्धकसहित कार्यकारी अध्यक्षमा नियुक्त गरिएको थियो ।

कार्यकारी अध्यक्षको जिम्मेवारी सम्हालेपछि श्रेष्ठले तीन वर्षभित्र निगमलाई आत्मनिर्भर बनाउने लक्ष्य सार्वजनिक गर्नुभएको थियो ।

उहाँले जिम्मेवारी सम्हालेको पहिलो १५ दिनमा सञ्चालक समितिको तीनवटा बैठकसहित विभिन्न छलफल आयोजना गरी संस्थागत सुधारका कार्ययोजना, प्राथमिकता र रणनीति तय गरिएको जानकारी दिनुभयो ।

गत आर्थिक वर्षको असार महिनाको तुलनामा यस वर्षको असारमा निगमको आम्दानी करिब ३२ प्रतिशतले वृद्धि भएको निगमले जनाएको छ । गत वर्ष असारमा करिब ७५ प्रतिशत सिट उपयोगिता थियो भने यस वर्षको असारमा यो बढेर ८५ दशमलव चार प्रतिशत पुर्‍याउन सफल भएको निगमले जनाएको छ । निगमले उपलब्ध स्रोत, साधन र जनशक्तिको प्रभावकारी परिचालनमार्फत आम्दानी वृद्धि, अनावश्यक खर्च नियन्त्रण तथा सेवा विस्तारलाई प्राथमिकताका साथ अघि बढाएको छ ।

आगामी दिनमा सेवा सञ्जाल विस्तार, सञ्चालन दक्षता अभिवृद्धि र वित्तीय अनुशासनलाई थप सुदृढ बनाइने तयारी गरिएको छ । आफ्नो अनुभव, विज्ञता र अन्तरराष्ट्रिय सम्बन्धको उपयोग गर्दै नेपाल वायुसेवा निगमलाई आत्मनिर्भर, प्रतिस्पर्धी, पारदर्शी र विश्वसनीय राष्ट्रिय ध्वजावाहकका रूपमा स्थापित गर्ने प्रतिबद्धता कार्यकारी अध्यक्ष श्रेष्ठले व्यक्त गर्नुभएको छ ।

## फोटोग्राफी तथा फोटो-भिडियो पत्रकारिता तालिम समापन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । काठमाडौँ महानगरपालिका र चलचित्र विकास बोर्डको संयुक्त आयोजनामा सञ्चालन गरिएको ३० दिने 'फोटोग्राफी तथा फोटो-भिडियो पत्रकारिता तालिम' आइतबार सम्पन्न भएको छ ।

समारोहमा काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले तालिमका प्रमुख प्रशिक्षकहरू राजभाइ सुवाल, प्रदीपराज वन्त, श्रीधर पौडेल, ओमलाल अकेला र राजन महर्जनलाई प्रशंसापत्र प्रदान गर्नुभयो। कार्यवाहक प्रमुख डङ्गोलले सीपमूलक तालिमले युवालाई रोजगारी तथा स्वरोजगारतर्फ उन्मुख गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। काठमाडौँ महानगरपालिकाले विभिन्न निकायसँग सहकार्य गर्दै युवाको क्षमता विकास र आत्मनिर्भरता अभिवृद्धिका लागि यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै उहाँले तालिमबाट प्राप्त ज्ञान र सीपलाई काठमाडौँ महानगरभित्र रहेका पर्यटकीय, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको प्रभावकारी प्रचारप्रसारमा उपयोग गर्न प्रशिक्षार्थीहरूलाई आग्रह गर्नुभयो ।

पैँतिस प्रशिक्षार्थी सहभागी तालिमको समापन कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले नेपाली चलचित्र क्षेत्रसँग सम्बन्धित पत्रकार तथा फोटोपत्रकारको व्यावसायिक क्षमता अभिवृद्धिका लागि यस्ता प्रयोगात्मक तालिमलाई आगामी दिनमा पनि निरन्तरता दिइने बताउनुभयो ।

उहाँले दक्ष जनशक्ति उत्पादनबाट चलचित्र निर्माण, प्रचारप्रसार तथा अभिलेखीकरणमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा नेपाली चलचित्र क्षेत्रका पहिलो स्टिल फोटोग्राफर मञ्जुलकुमार श्रेष्ठ र वरिष्ठ फिल्म पोस्टर डिजाइनर सुन्दर श्रेष्ठलाई जनही रु ३५ हजार राशिसति सम्मान पुरस्कार प्रदान गरिएको थियो ।

## प्रदेशका ९१ स्थान दुर्घटनाका हिसाबले जोखिमयुक्त

चितवन । बागमती प्रदेशका उपत्यका बाहेकका १० जिल्लाका ९१ स्थान दुर्घटनाका हिसाबले जोखिमयुक्त रहेका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर, चितवनले सार्वजनिक गरेको त्रिवर्षीय तथ्याङ्कअनुसार बागमती प्रदेशमा सवारी दुर्घटना गम्भीर सुरक्षा चुनौतीका रूपमा देखिएको हो ।

भौगोलिक हिसाबले चितवन, धादिङ र मकवानपुर जिल्ला दुर्घटनाका लागि अत्यधिक संवेदनशील मानिएका छन् । प्रदेशभर रहेका ९१ वटा जोखिमयुक्त 'ब्ल्याक स्पट' मध्ये चितवनमा १७, धादिङमा १६, सिन्धुलीमा १४ र मकवानपुरमा १२ वटा रहेका छन्। काभ्रेपलाञ्चोकमा ११, नुवाकोट आठ, रसुवा र रामेछापमा चार/चार, सिन्धुपाल्चोकमा तीन र दोलखामा दुई वटा स्थान जोखिमयुक्त रहेका कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिनुभयो ।

उहाँका अनुसार दुर्घटनामा परी पाँच जनाभन्दा बढीको मृत्यु भएको स्थानलाई जोखिमयुक्त स्थानका रूपमा लिइएको हो । विगत तीन आर्थिक वर्षमा भएका पाँच हजार ८७२ सवारी दुर्घटनामा परी ९५९ जनाले ज्यान गुमाएका छन् भने ११ हजार ६९९ जना घाइते भएका छन् ।

आव २०८०/८१ मा ३१५, आव २०८१/८२ मा ३०४ र आव २०८२/८३ मा ३४० जनाको ज्यान गएको छ । गत आवमा मात्रै भएका एक हजार ९२४ दुर्घटनामध्ये एक हजार ११४ राजमार्गमा, ५३९ ग्रामीण र २७१ वटा सहरी क्षेत्रमा भएका उहाँको भनाइ छ ।

दिउँसो १२:०० बजेदेखि बेलुका ६:०० बजेको समय दुर्घटनाका दृष्टिले सबैभन्दा बढी जोखिमयुक्त देखिएको उहाँले जानकारी दिनुभयो ।

प्रदेशका १० जिल्लाको १४ हजार ४५६ किलोमिटरभन्दा बढी सडकसञ्जाल र एक लाख ७३ हजारभन्दा बढी सवारीसाधन व्यवस्थापनका लागि ३३२ जना ट्राफिक प्रहरी कार्यरत रहेका प्रहरी उपरीक्षक पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार एक जना ट्राफिक प्रहरीले औसत ४३ दशमलव ५५ किमी सडक र ५५२ वटा सवारीसाधनको निगरानी गर्नुपर्ने बाध्यता छ ।

सीमित जनशक्तिका बाबजुद ट्राफिक नियम पालनामा कडाइ गर्दै गत वर्ष ९० हजार ९८३ सवारीलाई कारबाही गरी रु नौ करोड तीन लाखभन्दा बढी राजस्व सङ्कलन गरिएको छ ।

दुर्घटना न्यूनीकरणका लागि स्पीड गन, एएनपीआर क्यामेरा, डिजिटल ईचलान र 'ट्रान्सपोर्ट कम्युनिकेसन एप'जस्ता प्रविधिको प्रयोग बढाउनुका साथै २६ हजारभन्दा बढी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो ।

सम्पादकीय ....

## कार्यान्वयन पक्ष बलियो हुनुपर्छ

सरकारले ल्याएको नयाँ बजेटले जनताको आँखामा आशा र आशंका दुवै एकैसाथ उमारेको छ। दुई तिहाइ नजिकको बहुमत बोकेको सरकार, पाँच वर्षको स्थायित्व र पहिलो वर्षमै आफ्नो असली रूप देखाउने अवसर हुँदा हुँदै पनि बजेटले जनताले अपेक्षा गरेजस्तो रूपान्तरणकारी बाटो लिन सकेन। जनताले पाँच वर्षसम्म पत्याएको सरकारले आफ्नो पहिलो बजेटमै किन त्यो विश्वासलाई ठोस नीतिगत कदममा बदल्न सकेन भन्ने प्रश्न उठ्छ ?

बजेट ल्याउनुअघि नै यो विषयमा छलफल भएको थियो- के यो बजेटले अर्थतन्त्रको पुनर्संरचनातिर साँच्चै कदम चाल्छ कि चाल्दैन ? दुर्भाग्यवश, त्यो प्रश्नको जवाफ बजेट सार्वजनिक भएपछि पनि उस्तै नकारात्मक रहन गयो। बजेटले हरेक क्षेत्रमा अपेक्षित संरचनात्मक परिवर्तन ल्याउन सकेन। बजेट लगभग यथास्थितिमै तयार भयो र त्यसैको परिणामस्वरूप यसको आकार अनावश्यक रूपमा ठूलो बन्न पुग्यो।

यदि बजेटलाई कार्यसम्पादनमा आधारित अनुगमन प्रणालीमा ढालेर, परिणाममुखी ढंगले पुनर्संरचना गरिएको भए, कम्तीमा एक खर्ब रुपैयाँ घटाउन सकिने अवस्था थियो। त्यो रकम शिक्षा, स्वास्थ्य र पुँजीगत खर्चजस्ता प्राथमिकताका क्षेत्रमा थप प्रभावकारी रूपमा परिचालन गर्न सकिन्थ्यो। तर त्यो "अपरेसन" गर्ने साहस र तयारी नदेखिँदा, सरकार बाध्य भएरै ठूलो आकारको बजेट ल्याउन पुग्यो। सानो तर बढी नतिजामुखी बजेटको विकल्प हुँदाहुँदै पनि त्यो बाटो रोजिएन।

बजेटको आकार मात्र होइन, यसको स्रोत संरचना नै थप चिन्ताजनक देखिन्छ। राजस्वको लक्ष्य पुग्ने सम्भावना न्यून छ। विदेशी अनुदानतर्फ हेर्ने हो भने हाल वार्षिक रूपमा ३० अर्ब रुपैयाँ बराबर पनि नआउने अवस्थामा बजेटले ६० अर्ब रुपैयाँ अनुदान कसरी भित्र्याउने भन्ने प्रश्न अनुत्तरित छ। त्यस्तै, वैदेशिक ऋणको हकमा पनि मुलुकको खर्च गर्न सक्ने क्षमता (एब्जर्भन क्यापासिटी) नभई बाँकी रहेको ऋण पनि वास्तविक रूपमा भित्रिने सम्भावना देखिँदैन।

बजेट सदनबाट पारित भइसकेपछि अब वास्तविक चुनौती कार्यान्वयनमै हुनेछ। आगामी साउनदेखि बजेट लागू हुँदा सरकारले यी आशंकालाई विश्वासमा बदल्ने गरी ठोस र दृढ कदम चाल्नुपर्छ।

यसको अन्तिम परिणति के हुन्छ भने सरकार अन्ततः आन्तरिक ऋणमा थप निर्भर हुनेछ।

जब त्यो पनि पुग्दैन, अहिले जस्तै पुँजीगत बजेट लगभग ४० प्रतिशतसम्म कटौती गरिएजस्तै फेरि एकपटक पुँजीगत खर्चमै कैंची चलाउनुपर्ने बाध्यता आउन सक्छ। यो दुश्चक्र रोकिनुपर्ने हो, तर बजेटको हालको बनावटले त्यो जोखिम कम गर्नुको साटो दोहोऱ्याउने संकेत दिएको छ।

बजेट सामान्य हिसाबकिताबमा हेर्दा नै कार्यान्वयन गर्न नसकिने हदसम्म महत्वाकांक्षी देखिन्छ। यद्यपि, यदि सरकारले बजेट कार्यान्वयनका लागि भएका सबै नीतिगत स्पेस र उपायहरू पूर्ण रूपमा प्रयोग गर्ने हो भने, यो चुनौतीलाई केही हदसम्म सम्बोधन गर्न सकिन्छ। त्यसैले अब सरकारको ध्यान बजेट कार्यान्वयनलाई बलियो बनाउने दिशामा केन्द्रित हुनुपर्छ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## मनसुनमा जाग्ने ढोरपाटनः सिकार पर्यटनबाट दिगो पर्यटनतर्फको यात्रामा

राम थापा

मनसुन सुरु भएसँगै देशका अधिकांश पर्यटकीय गन्तव्यको चहलपहल घट्न थाल्छ। वर्षायामलाई पर्यटनको 'अफसिजन' मान्ने धारणा अझै पनि बलियो छ तर बागलुङको ढोरपाटनमा भने यही मौसम पर्यटकीय गतिविधिको अर्को याम प्रारम्भ हुन्छ।

हरियालीले ढाकिएका विशाल पाटन, कुहिरोले छोपिएका बुकी, रङ्गीचङ्गी भुइँफूल र गोठसम्म पुग्ने पदमार्गले मनसुनमा पदयात्राको छुट्टै आकर्षण सिर्जना गरेका छन्। अन्य गन्तव्यमा पर्यटकको चहलपहल घटिरहेका बेला ढोरपाटनमा भने प्रकृतिसँग रमाउन आउने पदयात्रीको आगमन बढ्न थालेको छ।

ढोरपाटनको चर्चा अहिले मनसुनी पदयात्रामा मात्र सीमित छैन। दशकौंदेखि सिकार पर्यटनका कारण अन्तरराष्ट्रिय रूपमा परिचित यो हिमाली उपत्यकालाई अब प्रकृति, पदयात्रा, जैविक विविधता, संस्कृति र स्थानीय समुदायमा आधारित दिगो पर्यटनको गन्तव्यका रूपमा विकास गर्नुपर्ने बहस बलियो बन्दै गएको छ। यही बहसलाई केन्द्रमा राखेर हालै आयोजित 'ढोरपाटन समिट'मा नीति निर्माता, पर्यटन व्यवसायी, संरक्षणकर्मी र स्थानीय समुदायका प्रतिनिधिले ढोरपाटनको पर्यटनको भावी दिशाबारे गम्भीर छलफल गरे।

बहसको साझा निष्कर्ष थियो– ढोरपाटनको भविष्य केवल सिकार पर्यटनमा सीमित रहनु हुँदैन। यसको मौलिक प्राकृतिक सम्पदा, सांस्कृतिक विशेषता र समुदायमा आधारित पर्यटनलाई केन्द्रमा राखेर दीर्घकालीन विकासको मार्ग तय गर्नुपर्ने आवश्यकता सबै वक्ताले औंल्याए।

ट्रेकिङ एजेन्ट्स् एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले ढोरपाटन नेपालको सबैभन्दा सम्भावनायुक्त तर अपेक्षाकृत उपेक्षित पर्यटन गन्तव्यमध्ये एक भएको दुखेसो गर्नुभयो। राज्यको ध्यान नपुग्दा यहाँका मनोरमस्थल ओझेलमा परेका उहाँको भनाइ थियो।

अन्नपूर्ण चक्रीय पदमार्गलगायत कतिपय स्थापित पदमार्ग सडक विस्तारसँगै छोटिँदै र प्रभावित हुँदै गएका छन्। त्यसको विकल्पका रूपमा ढोरपाटनलाई विकास गर्न सकिने उहाँले बताउनुभयो। विश्वको आठौं अग्लो हिमाल धवलागिरिको नजिकका म्यादीको मुना, गुर्जा, जलजला, ढोरपाटन डोल्पासम्म जोडिने व्यवस्थित पदमार्ग निर्माण गर्न सके देश-विदेशका पदयात्री आकर्षित गर्न सकिने उहाँको ठम्याइ छ। "ढोरपाटनजस्ता पर्याप्त प्रचार नपाएका गन्तव्यको पहिचान र विकासमा सबै पक्षको ध्यान जान जरुरी छ," उहाँले भन्नुभयो, "गुणस्तरीय पर्यटनका लागि पूर्वाधार, सेवासुविधा, सुरक्षा र आतिथि संस्कारको समानान्तर विकास अपरिहार्य छ।" स्थानीयले पर्यटनबाट प्रत्यक्ष आम्दानी र रोजगारीको अवसर प्राप्त नगरेसम्म पर्यटन दीर्घकालीन रूपमा टिकाउ नहुने उहाँले बताउनुभयो।

"पर्यटक आउनु मात्रै पर्याप्त हुँदैन," उहाँले भन्नुभयो, "पर्यटनबाट स्थानीयको जीवनस्तरमा सकारात्मक परिवर्तन हुनुपर्छ। स्थानीय समुदाय लाभान्वित भए मात्र पर्यटन दिगो बन्छ।" ढोरपाटनको पहिचान लामो समयदेखि सिकार पर्यटनसँग जोडिएको छ। विदेशी पेशेवर सिकारीले नाउर र झारलको वैधानिक सिकार खेल्ने एकमात्र गन्तव्यका रूपमा यसले अन्तरराष्ट्रिय परिचय बनाएको छ। पर्यटन क्षेत्रका जानकारहरू अब यही परिचयमा सीमित रहन नहुने धारणा राख्छन्। उनीहरू ढोरपाटनको सबैभन्दा ठूलो शक्ति यसको अनुपम प्राकृतिक सौन्दर्य, जैविक विविधता, पदयात्रा, मौलिक संस्कृति र स्थानीय जीवनशैलीमा निहित छ।

पत्रकार अमृत भादगाउँले ढोरपाटनको पर्यटन विकासलाई सिकार गतिविधिभन्दा धेरै फराकिलो दृष्टिकोणबाट हेर्नुपर्ने बताउनुभयो। उहाँका अनुसार विश्वव्यापी रूपमा पशु कल्याण र जैविक विविधताको संरक्षणप्रति चासो बढिरहेका बेला ढोरपाटनले पनि आफ्नो दीर्घकालीन पर्यटन रणनीतिबारे पुनर्विचार गर्न आवश्यक छ।

"विश्वका विभिन्न देशमा पशु कल्याणको बहस बढिरहेको छ। वन्यजन्तुमाथि हुने हिंसाप्रति संवेदनशीलता पनि विस्तार हुँदै गएको छ," उहाँले भन्नुभयो, "ढोरपाटनमा वैधानिक सिकार अहिले भइरहे पनि भविष्यमा यही पर्यटनको मुख्य आधार रहिरहन्छ भन्ने निश्चित छैन। त्यसैले पर्यटकलाई वन्यजन्तु सिकार गर्न होइन, तिनलाई प्राकृतिक वासस्थानमै अवलोकन गर्न आकर्षित गर्नुपर्छ।"

प्रकृति, संस्कृति, पर्यावरण र जैविक विविधताको समन्वय नै ढोरपाटनको वास्तविक पर्यटन सम्पत्ति हो। प्राकृतिक स्रोतको संरक्षण गर्दै पर्यटन विकास गर्ने रणनीतिले मात्र यस क्षेत्रलाई दीर्घकालीन रूपमा लाभ पुग्ने उहाँको भनाइ छ।

पर्यटकको बसाइ अवधि लम्ब्याउने कार्यक्रम, नयाँ पदमार्ग, प्रकृतिमा आधारित गतिविधि र स्थानीय संस्कृतिसँग जोडिएका अनुभव विकास गर्न सके ढोरपाटनको आर्थिक लाभसमेत उल्लेखनीय रूपमा बढ्न सक्ने पत्रकार भादगाउँले बताउनुहुन्छ।

एकल पदयात्री सिर्जना सिञ्जुले पनि ढोरपाटनको मौलिकता नै यसको सबैभन्दा ठूलो शक्ति भएको बताउनुभयो। उहाँका अनुसार नेपालको अन्य कुनै पनि गन्तव्यसँग तुलना गर्न नसकिने भू-बनोट, खुला पाटन र प्राकृतिक परिदृश्यले ढोरपाटनलाई विशिष्ट बनाएको छ। "ढोरपाटनजस्तो भू-बनोट नेपालमा अन्त कतै भेटिँदैन," उहाँले भन्नुभयो, "त्यसैले यहाँ विकास र संरक्षणबीचको सन्तुलन कायम राख्नु सबैभन्दा ठूलो चुनौती हो।"

ढोरपाटनलाई योग, ध्यान, प्रकृतिमा आधारित विश्राम (नेचर रिट्रिट) तथा आध्यात्मिक पर्यटनको उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न सकिने उहाँ बताउनुहुन्छ। बढ्दो भीडभन्दा गुणस्तरीय र वातावरणमैत्री पर्यटनमा जोड दिनुपर्ने उहाँको सुझाव थियो। ढोरपाटन उपत्यकामा प्रस्तावित उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजनाप्रति पनि उहाँले चासो व्यक्त गर्नुभयो। आयोजना निर्माण गर्दा यस क्षेत्रको प्राकृतिक सौन्दर्य र पर्यटन सम्भावनामाथि पर्ने प्रभावलाई गम्भीर रूपमा मूल्याङ्कन गर्नुपर्ने उहाँको भनाइ थियो। "मानवनिर्मित संरचनाले केही समय आकर्षित गर्न सक्छ," उहाँले भन्नुभयो, "तर प्रकृति, संस्कृति र स्थानीय आतिथ्यले पर्यटकलाई पटक-पटक फर्काएर ल्याउँछ। विद्युत् उत्पादनका विकल्प खोज्न सकिएला, तर ढोरपाटनजस्तो प्राकृतिक उपत्यका एकपटक बिग्रिएपछि फेरि निर्माण गर्न सकिँदैन।"

उहाँले ढोरपाटन उपत्यकालाई आधार शिविर (बेस क्याम्प) का रूपमा विकास गरी आसपासका पदमार्गसँग जोड्नुपर्ने सुझाव दिनुभयो। मनसुनमा फक्रिने भुइँफूल र विशाल हरिया पाटनका कारण ढोरपाटनलाई 'फूलहरूको उपत्यका'का रूपमा समेत अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्न सकिने उहाँको भनाइ छ।

पर्यटन विकासको यो सम्भावना उपयोग गर्न स्थानीय समुदायमा पर्यटनसम्बन्धी सचेतना, दक्ष जनशक्ति र आवश्यक पूर्वाधारको विकास अपरिहार्य रहेको उहाँले औंल्याउनुभयो।

ढोरपाटनको पर्यटन सम्भावनाबारे बहस चलिरहँदा यस क्षेत्रको वर्तमान अवस्था पनि उत्साहजनक देखिन थालेको छ। पछिल्ला वर्षमा विशेष गरी आन्तरिक पर्यटकको आगमन उल्लेखनीय रूपमा बढेको छ। सडक पहुँचमा सुधार, होटल तथा घरबास (होमस्टे) को विस्तार र मनसुन पदयात्राप्रतिको बढ्दो आकर्षणले ढोरपाटनको पर्यटन गतिविधिलाई नयाँ गति दिएको छ।

ढोरपाटन सिकार आरक्षका रेञ्जर सागर सुवेदीका अनुसार सिकार आरक्षले नै ढोरपाटनलाई अन्तरराष्ट्रिय स्तरमा परिचित गराएको हो। विदेशी सिकारीलाई आकर्षित गर्ने नेपालको एकमात्र वैधानिक सिकार क्षेत्र भएकाले यसले राज्यलाई राजस्व आर्जनमा समेत योगदान पुऱ्याउँदै आएको उहाँले बताउनुभयो।

"सिकार पर्यटनबाट राज्यले आर्थिक लाभ लिएको छ," उहाँले भन्नुभयो, "यसले ढोरपाटनलाई अन्तरराष्ट्रिय जगत्मा परिचित गराउन पनि महत्वपूर्ण भूमिका खेलेको छ। तर पछिल्ला वर्षमा घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्या पनि उल्लेखनीय रूपमा बढ्दै गएको छ।"

गत वर्ष २५ हजार पर्यटकले ढोरपाटन क्षेत्रको भ्रमण गरेका थिए। तीमध्ये अधिकांश आन्तरिक पर्यटक भए पनि पछिल्ला वर्षमा मनसुनी पदयात्राका लागि आउने विदेशी पदयात्रीको सङ्ख्या पनि क्रमशः बढ्दै गएको छ।

पर्यटकको बढ्दो आगमनसँगै स्थानीय पर्यटन पूर्वाधार पनि विस्तार हुँदै गएको छ। ढोरपाटन उपत्यकामा अहिले ३९ वटा होटल र घरबास सञ्चालनमा छन्। ती होटल तथा घरबासमा एक हजार ५०० पाहुनालाई आवासको प्रबन्ध गर्न सकिन्छ। पछिल्ला वर्षमा ढोरपाटन पुग्ने सडक क्रमशः स्तरोन्नति हुँदै जाँदा यात्रा सहज बनेको छ। त्यससँगै सुविधायुक्त होटल, रेष्टुराँ र पर्यटकमैत्री सेवाको विस्तारले पनि पर्यटकको बसाइ अवधि बढाउन सहयोग पुगेको स्थानीय पर्यटन व्यवसायीहरू बताउँछन्। हाल ढोरपाटनको पर्यटन सङ्क्रमणकालबाट गुज्रिरहेको छ। एकातिर सिकार पर्यटनले दिएको अन्तरराष्ट्रिय पहिचान छ भने अर्कोतिर प्रकृति, पदयात्रा र समुदायमा आधारित नयाँ पर्यटन सम्भावना विस्तार हुँदै गएको छ। यही परिवर्तनलाई कसरी व्यवस्थापन गर्ने भन्ने प्रश्न नै ढोरपाटनको भविष्यसँग जोडिएको छ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

**लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।**

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- **घर वरिपरि पानी जम्न नदिऔं,**
- **घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,**
- **गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,**
- **शरिर ढाक्ने कपडा लगाऔं,**
- **सुत्दा झुल टाँगेर मात्र सुतौं,**
- **झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।**

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## बीसौँ एसियन खेलकुदः कञ्चनपुरका नौ खेलाडी मैदानमा

महेन्द्रनगर । जापानमा आयोजना हुने आगामी २०औँ एसियाली खेलकुद (एसियाड) मा नेपालको प्रतिनिधित्व गर्दै व्यक्तिगत र समूह खेलमा गरेर कञ्चनपुरका नौ जना खेलाडी सहभागी हुँदैछन् ।

सुदूरपश्चिममा खेलाडी उत्पादन गर्ने जिल्लाका रूपमा परिचित कञ्चनपुरबाट उत्पादन भएका महिला तथा पुरुष गरी नौ जना खेलाडी र तीन प्रशिक्षक एसियाली खेलकुद प्रतियोगितामा परेका छन् ।

एसियाली खेलकुदमा पुरुष र महिला कबड्डी खेलमा प्रमुख प्रशिक्षकको भूमिकामा विष्णुदत्त भट्टसहित राष्ट्रिय कबड्डी टिम अहिले भारतको हरियाणामा प्रशिक्षणमा छन् ।

एसियाली खेलको तयारीका लागि हाल अन्तरराष्ट्रिय अभ्यासमा रहेको महिला कबड्डीमा कञ्चनपुरको उपस्थिति बलियो छ । १९औँ एसियाली खेलकुदमा पनि नेपालको महिला कबड्डीले काष्य पदक जितेको थियो ।

कबड्डीका प्रमुख प्रशिक्षक भट्टले भारतको हरियाणामा नेपाली टिम डेढ महिनासम्म प्रशिक्षण गर्ने जानकारी दिनुभयो । "दुवै टिमको पदक ल्याउने सम्भावना उच्च छ", उहाँले भन्नुभयो, "विगतमा पनि अनुभव लिइसकेका खेलाडी सहभागी छन्, मेहनत पनि गरिरहेका छौँ ।"

बीसऔँ एसियाली खेलकुदमा महिला कबड्डी टिममा कञ्चनपुरका मानमति विष्ट, रबिना चौधरी, जयन्ती बडु र मनिषा जोशी छन् । १९औँ एसियालीमा कञ्चनपुरका छ खेलाडी प्रतिस्पर्धामा सहभागी थिए । तीमध्ये आसन्न एसियालीमा यहाँबाट रविना, जयन्ती र मानमति पुनःछनोट भएर प्रतियोगिताको तयारीमा व्यस्त छन् ।

नेपालको कबड्डीको इतिहासमा कञ्चनपुरसहित सुदूरपश्चिमको योगदान शीर्षस्थानमा रहेको जिल्ला खेलकुद समिति कञ्चनपुरका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहले बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा हाम्रो उपस्थिति दशकौंदेखि रहँदै आएको छ ।" उहाँले पछिल्लो समय खेल संरचनाको विकासमा विशेष जोड दिनुका साथै खेलाडीको हकहितका लागि समिति लागिपरेको बताउनुभयो ।

त्यसैगरी, २०औँ एसियालीमा पुरुष कबड्डी टिममा पनि कञ्चनपुरका तीन खेलाडी छनोट भएर प्रशिक्षणमा छन् । पुरुष कबड्डी टिममा प्रकाश गिरी, सुरज बोहरा र अशोक जोशी छन् । आसन्न एसियाली खेलकुदको तयारीअन्तर्गत नेपालको कुस्ती टोली पनि अन्तराष्ट्रिय अभ्यासका लागि भारतको अयोध्यास्थित नन्दनीनगरमा छ । दुई महिनाको अभ्यासका लागि कुस्ती प्रशिक्षक राजेन्द्रबहादुर चन्द छ जना खेलाडीसहित त्यहाँ पुगेका हुन् ।

कुस्ती प्रशिक्षक चन्दले यसपटक एसियाली खेलकुदमा नेपालको कुस्ती टिमको जिम्मेवारी पाएको बताउँदै भन्नुभयो, "छ खेलाडीमध्ये दुई जना कञ्चनपुरको उत्पादन हुन", उहाँले भन्नुभयो, "भारतमा अनुभवी खेलाडीहरूसँग हाम्रो टिमले नियमित अभ्यास गर्न पाउँदा आसन्न प्रतियोगितामा पदकको आशा गरेका छौँ ।" लामो समय कञ्चनपुरको प्रतिनिधित्व गर्दै कुस्तीमा आफ्नो उमेर समूहमा अब्बल बनेका सुरेश चुनारा र शिवाङ्गी दुबे उक्त टोलीमा छन् । "अहिले दुवै जना नेपाली सेनाको त्रिभुवन क्लबसँग आवद्ध छन्", प्रशिक्षक चन्दले भन्नुभयो, "सबै खेलाडी कडा मेहनतका साथ लगनशील भएर प्रशिक्षणमा जुटेका छन् ।"

उहाँका अनुसार सुरेश ७४ किलो तौल समूह र शिवाङ्गी ५७ किलो तौल समूहमा एसियाली खेलकुदमा प्रतिस्प्रर्धा गर्नेछन् । सुरेशको यो तेस्रो एसियाली खेलकुदमा सहभागिता हो भने, शिवाङ्ग पनि एसियालीमा दोस्रो अवसर हो ।

आगामी सेप्टेम्बर १९ तारिख देखि अक्टोबर ४ तारिखसम्म जापानको नागोया र आइची सहरमा 'एसियन गेम्स' आयोजना हुने एसियाली खेलकुदमा नेपालको तर्फबाट २३ वटा खेलको प्रतिनिधित्व गर्दै खेलाडी सहभागी हुनेछन् । कम खेलमा अन्तरराष्ट्रिय अभ्यास खेलाडीले गरिरहेका भएपनि धेरै खेलाडी आन्तरिक तयारी तथा प्रशिक्षणमा छन् ।

त्यसैगरी महिला भलिबल टिमको नेतृत्व गरेर कञ्चनपुर घर भएका भलिबल प्रशिक्षक जगदीशप्रसाद भट्ट पनि एसियालीमा सहभागी हुनेछन् । लामो समय कञ्चनपुरमा भलिबल खेलाडी उत्पादनका साथै सुदूरपश्चिममा आधुनिक भलिबल प्रशिक्षण केन्द्र स्थापनामा उहाँको योगदान रहेको छ ।

## झापामा मानव-हात्ती द्वन्द्वः १६ वर्षमा ८० जनाको ज्यान गयो

भद्रपुर । झापामा मानव-हात्ती द्वन्द्व बर्सेनि बढ्दै गएको छ । पछिल्लो १६ वर्षको अवधिमा जङ्गली हात्तीको आक्रमणबाट ८० जनाले ज्यान गुमाएका छन् । डिभिजन वन कार्यालय भद्रपुरका अनुसार यस अवधिमा मानिस सँगको द्वन्द्वमा २८ वटा हात्ती मारिएका छन् ।

डिभिजन वन कार्यालयका प्रमुख नथुनी यादवका अनुसार विसं २०६७ असार ३ गतेदेखि विसं २०८३ असार मसान्तसम्म जङ्गली हात्तीको आक्रमणबाट ७० नेपाली र १० जना गैरनेपालीको मृत्यु भएको अभिलेखमा उल्लेख छ । यो तथ्याङ्कले झापामा औसतमा हरेक वर्ष पाँच जनाले हात्तीको आक्रमणबाट ज्यान गुमाउने गरेका उहाँको भनाइ छ ।

कार्यालयका अनुसार २०८० साल सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो । उक्त वर्ष हात्तीको आक्रमणबाट तीन महिलासहित आठ जनाको मृत्यु भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

आर्थिक वर्ष २०८२/८३ मा भने छ जनाले ज्यान गुमाएका छन् । मृतकका परिवारलाई जनही रु१० लाखका दरले राहत उपलब्ध गराइएको प्रमुख यादवले जानकारी दिनुभयो ।

अभिलेखअनुसार २०६७ मा दुई, २०६८ र २०६९ मा सात/सात, २०७० मा तीन, २०७१ मा दुई, २०७२ मा चार, २०७३, २०७४, २०७७, २०७८ र २०७९ मा पाँच/पाँच, २०७५ र २०७६ मा एक/एक, २०८० मा आठ, २०८१ मा चार, २०८२ र २०८३ को हालसम्म छ जनाको मृत्यु भइसकेको छ । विसं २०६७ देखि हालसम्म १० जना गैरनेपालीको हात्तीको आक्रमणबाट मृत्यु भएको उहाँले जानकारी दिनुभयो ।

मानिस मात्र होइन, मानव-हात्ती द्वन्द्वको असर हात्तीमा पनि उत्तिकै परेको प्रमुख यादवले बताउनुभयो । कार्यालयका अनुसार २०६२ सालदेखि हालसम्म २८ वटा जङ्गली हात्ती मारिएका छन् । सबैभन्दा बढी २०८२ सालमा मात्रै छ वटा हात्ती मारिएका उहाँले जानकारी दिनुभयो ।

प्रमुख यादवका अनुसार वन क्षेत्रको अतिक्रमण, मानव बस्तीको विस्तार, कृषिबालीतर्फ हात्ती आकर्षित हुनु तथा परम्परागत हात्ती मार्ग अवरुद्ध हुँदै जानु मानव-हात्ती द्वन्द्व बढ्नुका प्रमुख कारण हुन् । उहाँले द्वन्द्व न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम, निगरानी र उद्धारका गतिविधि सञ्चालन भइरहेको बताउनुभयो ।

## पत्रकार महासंघको ग्लोबल मिडिया सम्मेलनः टोकियो घोषणापत्र जारी

काठमाडौँ । नेपाल पत्रकार महासङ्घको समन्वयमा जापानको टोकियोमा आयोजित 'एफएनजे ग्लोबल मिडिया सम्मेलन-२०२६' ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, श्रमजीवी पत्रकारका अधिकारको कार्यान्वयन, प्रवास पत्रकारिताको संस्थागत सुदृढीकरणलगायत विषयमा नौ बुँदे 'टोकियो घोषणापत्र' जारी गरेको छ ।

घोषणापत्रमा कृत्रिम बुद्धिमत्ता ( एआई) लगायतका आधुनिक प्रविधिसम्बन्धी नीतिगत व्यवस्था गर्न आग्रह गरिएको छ । नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औँ वर्षगाँठका अवसरमा महासङ्घ, जापान शाखाको आयोजना र महासङ्घका सबै वैदेशिक शाखा (युरोप, युके, बेल्जियम, कुवेत, कतार, दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स र भारत शाखा) को सहआयोजना एवं महासङ्घसँग आबद्ध संस्था नेपाल अमेरिका पत्रकार सङ्घ र नेपाल अष्ट्रेलिया पत्रकार सङ्घको सहकार्यमा सम्पन्न भएको थियो । सम्मेलनपश्चात् आइतबार विज्ञप्ति जारी गर्दै घोषणापत्र सार्वजनिक गरिएको हो । महासङ्घका अध्यक्ष निर्मला शर्मा, पदाधिकारीहरू, प्रदेश र जिल्ला शाखाका नेतृत्वकर्ता, वैदेशिक शाखाका पदाधिकारी र सञ्चारकर्मीको सहभागिता रहेको सम्मेलनले संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अङ्कुश लगाउन नहुनेमा जोड दिएको छ । महासङ्घद्वारा जारी विज्ञप्तिमा प्रेसमैत्री वातावरण सुनिश्चित गर्न सरकारसँग आग्रह गर्दै सञ्चारसम्बन्धी कानुन निर्माण वा संशोधन गर्दा सरोकार भएका निकायका प्रतिनिधिसँग परामर्श गर्नुपर्ने आवश्यकता पनि औँल्याइएको छ ।

सम्मेलनले श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन, न्यूनतम् पारिश्रमिक, सेवा-सुविधा, सामाजिक सुरक्षा, नियुक्तिपत्र, बिमा तथा अन्य श्रमिक अधिकार सुनिश्चित गर्न सञ्चारसंस्था र सरकार दुवैको ध्यानाकर्षण गराएको छ । साथै सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास तथा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगबाट उत्पन्न चुनौती व्यवस्थापनका लागि आवश्यक नीति तथा नियामकीय व्यवस्था निर्माण गर्न आग्रह गरिएको छ । घोषणापत्रमा प्रवासमा रही नेपाली भाषा, साहित्य, संस्कृति र राष्ट्रिय हितको प्रवर्द्धन गर्दै पत्रकारिता गरिरहेका पत्रकारप्रति सम्मान व्यक्त गर्दै महासङ्घको विधान संशोधनमार्फत वैदेशिक शाखामा आबद्ध सदस्यलाई चुन्ने र चुनिने अधिकार सुनिश्चित गर्न पहल गरिने उल्लेख छ । सम्मेलनले प्रवासमा रहेका नेपाली पत्रकारले आर्जन गरेको ज्ञान, सीप, अनुसन्धान अनुभव तथा आधुनिक सञ्चार अभ्यासलाई नेपालको पत्रकारिता विकासमा उपयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ । सम्मेलनले विदेशमा कार्यरत नेपाली पत्रकारको योगदानको सम्मान स्वरूप 'एफएनजे ग्लोबल पत्रकारिता पुरस्कार' स्थापना गर्ने निर्णयसमेत गरेको जनाइएको छ ।

## निम्सको निधनमा अन्नपूर्णले दियो शोक बिदा

गण्डकी । 'निम्स दाइ' को नामले चिनिने विश्वकीर्तिमानी पर्वतारोही निर्मल पुर्जाको निधनमा उहाँको जन्मथलो म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले सोमबार शोक बिदा दिएको छ । अन्नपूर्ण-३ दानामा जन्मनुभएका पुर्जाको पाकिस्तानको 'ब्रड पिक' आरोहणका क्रममा हिमपहिरोमा परी निधन भएको थियो ।

गाउँपालिकाका अध्यक्ष भरतकुमार पुनद्वारा आइतबार सार्वजनिक गरिएको सूचनामा पुर्जाको निधनले गाउँपालिका परिवारसहित सिँगो म्याग्दीवासीलाई स्तब्ध र मर्माहत तुल्याएको उल्लेख छ । उहाँको निधनप्रति दुःख व्यक्त गर्दै गाउँपालिकाले सोमबार अत्यावश्यकबाहेक सबै कार्यालय, वडा, स्वास्थ्य संस्था र विद्यालयहरूमा शोक बिदा दिने निर्णय गरेको हो ।

नेपाली पर्वतारोहण क्षेत्रलाई विश्वमाझ नयाँ उचाइमा पुर्याउन, नेपाली पर्वतारोहीहरूको पहिचान र गौरवलाई अन्तरराष्ट्रियस्तरमा स्थापित गर्न तथा साहस, नेतृत्व र समर्पणको अनुपम उदाहरण प्रस्तुत गर्न पुर्जाले पुर्याउनुभएको योगदान सदैव स्मरणीय रहने गाउँपालिकाले जनाएको छ । पुर्जाको निधनले विश्व पर्वतारोहण समुदायमा अपूरणीय क्षति पुगेको गाउँपालिकाद्वारा जारी सूचनामा उल्लेख छ ।

## मोरक्कोको राष्ट्रिय दिवसमा प्रदर्शनी

काठमाडौँ । मोरक्कोको राष्ट्रिय दिवसका अवसरमा यहाँस्थित उक्त मुलुकको वाणिज्य दूतावासमा सो देशको राष्ट्रिय झण्डा फहराइयो ।

आइतबार आयोजित कार्यक्रममा नेपाल तथा भारतका लागि मोरक्कोका राजदूत मोहम्मद मलिकी र वाणिज्यदूत मेघा चौधरीले संयुक्त रूपमा झण्डा फहराउनुभयो ।

त्यस अवसरमा शिष्टाचार महापाल कुमार खरेलले नेपाल-मोरक्को कूटनीतिक सम्बन्धबारे चर्चा गर्दै व्यापार, पर्यटन, लगानी तथा सांस्कृतिक आदानप्रदानका माध्यमबाट पारस्परिक सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । राजदूत मलिकीले मोरक्को र नेपाल सम्बन्धलाई अझ उन्नत तुल्याउन आफू क्रियाशील रहेको बताउनुभयो ।

यसै अवसरमा मोरक्कोको कला संस्कृतिबारे जानकारी दिने उद्देश्यले ललितपुरमा एकदिवसीय प्रदर्शनी पनि आयोजना गरिएको छ । प्रदर्शनीमा मोरक्कोका परिकार, माटाका परम्परागत सामग्री , त्यहाँका प्रमुख पर्यटकीय गन्तव्यसम्बन्धी परिचय पुस्तिकालगायत वस्तु राखिएका छन् ।

## सय बढी नक्कली उत्पादन बरामद

काठमाडौँ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक सयभन्दा बढी शङ्कास्पद नक्कली उत्पादन नियन्त्रणमा लिएको छ ।

विभागको अनुगमन टोलीले अनलाइन प्लेटफर्म र सामाजिक सञ्जाल मार्फत बिक्रीवितरण भइरहेका विभिन्न प्रकारका मासिल तेल, स्याम्पु, चिया, खाद्य पूरक आहारलगायत दैनिक उपभोग्य वस्तु नियन्त्रणमा लिएको हो । ती उत्पादनको गुणस्तर र मौलिकता तथा उपभोग गर्न मिल्नेनमिल्नेबारेमा परीक्षण भइरहेको विभागले जनाएको छ । उपभोक्ताको स्वास्थ्य र अधिकारलाई सुनिश्चित गर्न क्रियाशील रहेको जनाउँदै विभागका महानिर्देशक मोतिराम सापकोटाले नक्कली उत्पादनको बिक्रीवितरण रोक्न बजार अनुगमनलाई तीव्र पारिएको स्पष्ट पार्नुभयो । उहाँका अनुसार परीक्षण प्रतिवेदनका आधारमा सम्बन्धित उत्पादन माथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइनेछ । बजारमा शङ्कास्पद वा नक्कली उत्पादन देखिएमा जानकारी गराउन विभागले आग्रह गरेको छ ।

## प्रहरीमाथि खुकुरी प्रहारको प्रयास

काठमाडौँ । नागरिकको जीउधनको सुरक्षा गर्न खटिएका प्रहरीमाथि खुकुरी प्रहारको प्रयास गरेपछि एक युवालाई गोली प्रहार गरेर नियन्त्रणमा लिइएको छ ।

काठमाडौँको बूढानीलकण्ठ नगर पालिका-१३ चुनिखेलबाट सिक्री लुटपाट गरी फरार रहेका कर्मा तामाङलाई गोली प्रहार गरी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी परिसरका प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो । गएराति पक्राउ गर्न खोज्दा उनले प्रहरीमाथि खुकुरी प्रहारको प्रयास गरेपछि तीन राउण्ड गोली प्रहार गरिएको थियो । घाइतेको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । उनी विभिन्न आपराधिक घटनामा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

## ब्रड पिक हिमपहिरो नेपालको पर्वतारोहणको इतिहासको दुःखद अन्त्यः महासचिव पोखरेल

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पाकिस्तानको 'ब्रड पिक'मा हिमपहिरोमा परी पर्वतारोहीहरूको निधन भएकामा दुःख व्यक्त गरेको छ ।

उक्त पार्टीका महासचिव शङ्कर पोखरेलले आइतबार शोक वक्तव्य जारी गर्दै दिवङ्गत आरोहीहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । पार्टीका तर्फबाट उहाँले शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ ।

पर्वतारोहणको इतिहासमा कीर्तिमान कायम गर्दै आठ हजार मिटरभन्दा अग्ला विश्वका सबै १४ हिमाल ६ महिना ६ दिनमा आरोहण गरी नेपाल र नेपालीलाई चिनाउन सफल पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ' र उहाँका सहयात्रीहरू पुरबहादुर गुरुङ 'युक्ता', किली पेम्बा शेर्पा 'किलु', निमा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्यालु शेर्पाको निधनबाट पार्टी मर्माहत भएको एमालेले जनाएको छ ।

## जीवन जिउने कलासम्बन्धी कार्यशाला

गण्डकी । ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, क्षेत्रीय कार्यालयले शनिबार 'तनाव व्यवस्थापन एवं खुसियालीपूर्ण जीवनका रहस्य' विषयमा कार्यशाला आयोजना गरियो ।

विभिन्न पेसा, व्यवसायमा आबद्ध भएकाहरूलाई लक्षित गरी तीन चरणमा आयोजित कार्यशालामा योग तथा ध्यान प्रशिक्षक ॠषिराम न्यौपानेले सकारात्मक सोच, तनाव व्यवस्थापन, कार्य-जीवन सन्तुलन तथा मूल्यमा आधारित जीवन शैलीका विषयमा प्रशिक्षण दिनुभएको थियो । व्यस्त र प्रतिस्पर्धात्मक जीवनशैलीका कारण बढ्दो मानसिक तनाव र कार्यदबाबलाई सकारात्मक रूपमा व्यवस्थापन गर्दै मूल्यमा आधारित स्वस्थ, खुसी र सन्तुलित जीवनशैली विकासका लागि कार्यशाला आयोजना गरिएको ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयका प्रमुख सावित्री दिदीले बताउनुभयो । सकारात्मक सोचौं, सन्तुलित जीवन बाँचौं, सुखमय समाज निर्माण गरौं' नाराका साथ सञ्चालित कार्यशालामा उच्च अदालत पोखरा बाग्लुङ इजलासका न्यायाधीश सरला पाण्डेलगायत समाजका प्रतिष्ठित व्यक्तिको सहभागिता थियो ।

## अग्रजहरूको आदर्शलाई आत्मसात् गर्नुपर्छः पूर्वराष्ट्रपति भण्डारी

काठमाडौं । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले लोकतान्त्रिक मूल्यमान्यता, नैतिकता, सुशासन र जनउत्तरदायित्वलाई सुदृढ बनाउन अग्रज राजनीतिक व्यक्तित्वहरू को आदर्शलाई आत्मसात् गर्न आवश्यक रहेको धारणा राख्नुभएको छ ।

तुल्सीलाल अमात्यको २९औं स्मृति दिवसका अवसरमा तुल्सीलाल स्मृति प्रतिष्ठानद्वारा आइतबार (हिजो) ललितपुरको च्यासलमा आयोजित कार्यक्रममा उहाँले नेता अमात्यले आफ्नो सम्पूर्ण जीवन विचार, सिद्धान्त र जनताको सेवामा समर्पित गर्नुभएको उल्लेख गर्दै उहाँको त्याग, इमानदारी र जनसेवाको आदर्श वर्तमान तथा भावी पुस्ताका लागि प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गर्नुभयो । पूर्वराष्ट्रपति भण्डारीले पछिल्ला दिनमा सुनसरीसहित पूर्वी तराईका केही जिल्लामा देखिएका तनाव र हिंसात्मक घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भएकाले विविधता बीचको एकता, आपसी सम्मान, सहिष्णुता र सामाजिक सद्भावलाई जोगाउन सबैले संयमता अपनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले अफवाह, घृणा र विभाजनका प्रयासबाट टाढा रहँदै राष्ट्रिय एकता, सामाजिक सद्भाव र कानुनी शासन सुदृढ बनाउन सबै नेपालीलाई जिम्मेवार भूमिका निर्वाह गर्न आह्वान गर्नुभयो ।

पूर्वराष्ट्रपति भण्डारीले आज प्राप्त लोकतान्त्रिक उपलब्धिका पछाडि अमात्यजस्ता अग्रजहरूको लामो सङ्घर्ष, त्याग र समर्पण रहेको उल्लेख गर्दै उहाँलाई सम्झनु भनेको केवल इतिहासको स्मरण गर्नु मात्र नभई उहाँका आदर्श र मूल्यलाई व्यवहारमा उतार्नु पनि भएको बताउनुभयो । कार्यक्रममा प्रतिष्ठानका संस्थापक अध्यक्षसमेत रहनुभएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक माधवकुमार नेपाल र पूर्वअध्यक्ष केशवप्रसाद बडाललाई सम्मान गरिएको थियो । साथै हाजिरजवाफ प्रतियोगितामा विजयीलाई पुरस्कृत गरिएको




थियो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले नेता अमात्यले प्रतिष्ठित र सहज जीवन बिताउने अवसर हुँदाहुँदै किसान, मजदुर तथा उत्पीडित समुदायको हक र अधिकारका लागि सङ्घर्षको कठिन बाटो रोज्नुभएको उल्लेख गर्नुभयो । उहाँहरू जस्तै अग्रजको त्याग र समर्पणबाट मुलुकमा लोकतन्त्रको स्थापना भएको उहाँको भनाइ छ । अमात्यले नेपाल कम्युनिष्ट पार्टीको स्थापना कालदेखि पार्टी निर्माण, किसान आन्दोलनको विस्तार, लोकतान्त्रिक अधिकारको रक्षा तथा शोषण र सामन्ती उत्पीडनविरुद्ध पुर्‍याउनुभएको महत्वपूर्ण योगदानको रक्षाका लागि आफूहरू कटिबद्ध भएर लाग्ने सहसंयोजक नेपालले उल्लेख गर्नुभयो ।

## देश र कांग्रेस जोड्न साउन २० गते राष्ट्रिय भेला

काठमाडौं । नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट निर्वाचित र १४औं महाधिवेशनबाट निर्वाचित नेतृत्वबीच विवाद भइरहँदा दुवै पक्षलाई जोड्नुपर्छ भन्ने अभियानले यही साउन २० गते राजधानीमा राष्ट्रिय भेला आयोजना गर्ने घोषणा गरेको छ ।

'देश र कांग्रेस जोड्ने अभियान'ले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा कांग्रेस एक हुनुपर्छ भन्ने पक्षधरका नेता कार्यकर्ताको भेला राजधानीमा आयोजना गर्न लागिएको जानकारी दियो । पत्रकार सम्मेलनमा राष्ट्रियसभा सदस्य समेत रहनुभएका कांग्रेस नेता रञ्जित कर्णले पार्टी सभापति गगनकुमार थापा र शनिबार चुनदेवीको पत्रकार सम्मेलनबाट संयोजक घोषणा गरिनुभएका डा शशाङ्क कोइराला पार्टी एक बनाउन लाग्नुपर्ने बताउनुभयो । पूर्व




केन्द्रीय सदस्य नैनसिंह महरले कांग्रेस कमजोर हुँदा लोकतन्त्र र राष्ट्रियता कमजोर हुने गरेकाले कांग्रेसलाई एक बनाउन दबाब दिने उद्देश्यले साउन २० गते भेला गर्न लागिएको जानकारी दिनुभयो । पार्टी एकताको आवश्यकता देखेर कांग्रेस जोड्ने अभियान आजैदेखि सुरु गरिएको उहाँले बताउनुभयो । भेलामा सहभागी हुन एक हजार ३५९ प्रतिनिधिले नाम दर्ता गराएका नेता महरले बताउनुभयो । कार्यक्रममा तनहुँको भानु नगरपालिकाका नगरप्रमुख आनन्द त्रिपाठीले कांग्रेस एक बनाएर देश र कांग्रेस जोड्ने अभियानमा साथ दिन देशभरका जन-प्रतिनिधिलाई आग्रह गर्नुभयो

## हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा, २४ पुल

जनकपुरधाम । मधेस प्रदेशको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको निर्माण अन्तिम चरणमा पुगेको छ । यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९० प्रतिशतभन्दा बढी सडक कालोपत्र भएको छ ।

यहाँस्थित हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६ दशमलव ४३ किलोमिटरमध्ये ३४७ दशमलव ६३ किलोमिटरमा कालोपत्र भएको छ । धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन् । कालोपत्र गर्न बाँकी ५८ दशमलव ८ किलोमिटर सडकमध्ये १२ दशमलव ८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भएको छ ।

चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले रासससलाई बताउनुभयो ।

सिरहामा २९ दशमलव ९८, महोत्तरीमा ९१ दशमलव ५६,सर्लाहीमा १५१ दशमलव ५१ किलोमिटर निर्माण भएको छ । निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुनेछ ।

## माथिल्लो जुनबेंसी आयोजनाको प्रसारण लाइनबारे सुझाव माग

काठमाडौं । सोलुखुम्बुको माथिल्लो जुनबेंसी खोला जलविद्युत् आयोजनाको विद्युत् प्रसारण लाइन निर्माणका लागि आवश्यक वातावरणीय अध्ययनको सन्दर्भमा विद्युत् विकास विभागले सार्वजनिक सूचना प्रकाशित गरेको छ ।

विभागले आइतबार एक सूचना मार्फत सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका-२ मा निर्माणाधीन ५.५७५ मेगावाट क्षमताको माथिल्लो जुनबेंसी खोला जलविद्युत् आयोजनाको स्विचयार्ड देखि वडा नं ३ मा निर्माणाधीन तल्लो दूधकुण्ड खोला जलविद्युत् आयोजनाको स्विचयार्डसम्म ८.४७ किलोमिटर ३३ केभी डबल सर्किट प्रसारण लाइन तथा त्यहाँबाट जुनबेंसी हब पुलिङ स्टेसनसम्म ४.७१ किलोमिटर १३२ केभी सिङ्गल सर्किट प्रसारण लाइन निर्माण गरिने जनाएको छ । प्रवर्द्धक कम्पनी गोर्खाज हिमालयन हाइड्रो लिमिटेडले विद्युत् नियमावली, २०५० बमोजिम प्रसारण लाइन निर्माणको अनुमति माग गरेपछि प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदन तयार गरिएको विभागले जनाएको छ ।

प्रतिवेदनअनुसार आयोजना निर्माण तथा सञ्चालनबाट उल्लेखनीय प्रतिकूल वातावरणीय असर पर्न सक्ने भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्ति वा संस्थाले लिखित राय-सुझाव दिन सक्नेछन् ।

प्रस्तावित प्रसारण लाइनको कुल लम्बाइ १३.१८ किलोमिटर रहनेछ । यसका लागि ३३ केभी प्रसारण लाइनमा २०९ वटा स्टिल ट्युबुलर पोल तथा १३२ केभी प्रसारण लाइनमा दुईवटा टावर निर्माण गरिनेछ । आयोजनाका लागि स्थायी रूपमा करिब ०.५ हेक्टर र अस्थायी रूपमा करिब ०.५३ हेक्टर जग्गा आवश्यक पर्ने उल्लेख गरिएको छ । प्रसारण लाइनको अधिकार क्षेत्र (राइट अफ वे) अन्तर्गत करिब ९.६६ हेक्टर जग्गा पर्नेछ ।

विभागका अनुसार ३३ केभी प्रसारण लाइनका लागि न्यूनतम ६.६२ मिटर र १३२ केभी प्रसारण लाइनका लागि १८ मिटर अधिकार क्षेत्र कायम गरिनेछ ।

प्रसारण लाइन निर्माण तथा सञ्चालनका क्रममा विद्युत् ऐन, २०४९ र प्रचलित वातावरणीय मापदण्डअनुसार भू-क्षय, बाढी तथा वायु प्रदूषणजस्ता प्रभाव न्यूनीकरण गर्दै आयोजना कार्यान्वयन गरिने छ ।

## काँकडभिट्टाबाट एक वर्षमा २४ अर्ब ५० करोड बराबर को पेट्रोलियम पदार्थ आयात

भद्रपुर । काँकडभिट्टाबाट गत आर्थिक वर्षमा रु २४ अर्ब ५० करोड ६७ लाख ४४ हजार बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ ।

उक्त अवधिमा पेट्रोल, डिजेल र 'लिक्विफाइड पेट्रोलियम ग्यास' (एलपिजी) गरी तीन प्रकारका पेट्रोलियम पदार्थ आयात भएको हो । काँकडभिट्टा भन्सार कार्यालयका अनुसार रु १२ अर्ब १८ करोड सात लाख ६४ हजार बराबरको पेट्रोल आयात भएको छ भने डिजेल रु नौ अर्ब ५५ करोड ४९ लाख सात हजार र एलपिजी रु दुई अर्ब ७७ करोड १० लाख ७३ हजार बराबरको आयात भएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा पेट्रोल रु आठ अर्ब ९२ करोड ८५ लाख २६ हजार र डिजेल रु सात अर्ब तीन करोड ३२ लाख १९ हजार बराबरको आयात भएको थियो ।

उक्त कार्यालयका प्रमुख शिवलाल न्यौपानेका अनुसार पेट्रोलियम पदार्थ आयात गरी गत आवमा पेट्रोलबाट रु पाँच अर्ब ८५ करोड ३७ लाख ५० हजार र डिजेलबाट रु दुई अर्ब ९३ करोड २२ लाख ३९ हजार राजस्व सङ्कलन भएको छ ।

## निम्स दाइको अदम्य साहस र समर्पण इतिहासमा सधैं अमर रहनेछ

काठमाडौं । पाकिस्तानको काराकोरम पर्वत शृङ्खलामा अवस्थित ८,०५१ मिटर अग्लो ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी विश्वप्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'सहित १० जना आरोहीको निधन भएपछि नेपाल शोकमा डुबेको छ । विश्व पर्वतारोहण इतिहासमा असम्भवलाई सम्भव बनाउने साहसी आरोहीका रूपमा स्थापित निम्स दाइको असामयिक निधनले नेपालमात्र नभई अन्तरराष्ट्रिय पर्वतारोहण समुदाय, साहसिक पर्यटन क्षेत्र तथा उहाँका लाखौं समर्थकलाई स्तब्ध बनाएको छ ।

देशका कार्यकारी प्रधानमन्त्रीदेखि विभिन्न राजनीतिक दलका शीर्षनेता, पर्यटन क्षेत्रका अगुवा, पर्वतारोही, विदेशी शुभेच्छुक तथा अन्तरराष्ट्रिय सञ्चार माध्यमहरूले निम्स दाइप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको साहस, समर्पण र नेपालको अन्तरराष्ट्रिय पहिचान निर्माणमा पुर्‍याएको योगदानको उच्च प्रशंसा गरेका छन् ।

प्रधानमन्त्रीको श्रद्धाञ्जली: 'इतिहासमा सधैं जीवित रहनेछन्'

प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत समवेदना व्यक्त गर्दै भन्नुभएको छ, निर्मल पुर्जासहित दिवङ्गत सबै आरोहीहरूको भौतिक यात्रा समाप्त भए पनि उनीहरूको साहस, समर्पण र योगदान इतिहासमा सधैं प्रेरणाको स्रोतका रूपमा जीवित रहनेछ ।

उहाँले लेख्नुभएको छ, "आरोहण केवल शिखर चुम्ने यात्रा होइन, यो साहस, अनुशासन, त्याग र मानवीय सीमालाई चुनौती दिने अदम्य आत्मविश्वासको सर्वोच्च अभिव्यक्ति हो । हिमालले धेरैलाई शिखरको गौरव दिन्छ, कहिलेकाहीं आफ्नै काखमा सधैंका लागि समेटेर पनि राख्छ । तर हिमाल आरोहीहरू आफ्नो साहस र समर्पणका कारण इतिहासमा सधैं अमर रहन्छन् ।"

प्रधानमन्त्री शाहले ब्रोड पिक दुर्घटनामा निधन भएका सम्पूर्ण आरोहीहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्नुभएको छ ।

राजनीतिक नेतृत्वको श्रद्धाञ्जली

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले निम्स दाइसँगको व्यक्तिगत सम्बन्ध स्मरण गर्दै भावुक सन्देश सार्वजनिक गर्नुभएको छ । उहाँले लेख्नुभएको छ, "प्रिय निम्स, फर्किएर भेट्ने वाचा थियो । तर तिमी नफर्किने बाटो गएछौं । अब त केवल सम्झना हरूमात्र बाँकी छन् । तिम्रो अनुपस्थितिले मन भारी भएको छ । तर तिमी र तिम्रो अदम्य साहस सम्झनाका रूपमा अनन्तसम्म बाँचिरहनेछ । जहाँ भए पनि, चिरशान्तिमा रहनू ।" नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पनि निम्स दाइ कठिन परिस्थितिबाट पनि फर्कने व्यक्तित्व भएकाले अन्तिम क्षणसम्म आफू आशावादी रहेको उल्लेख गर्नुभएको छ । उहाँले निम्स दाइसँग 'प्रोजेक्ट पसिबल' सुरु हुनुअघि नै भेट भएको स्मरण गर्दै लेख्नुभएको छ, "संसारले तपाईंलाई चिन्नुअघि नै तपाईंभित्रको आत्मविश्वास र साहस देखेको थिएँ । तपाईं फेरि फर्कनुहुन्छ भन्ने विश्वास अन्तिम क्षणसम्म थियो ।"

पर्यटन क्षेत्रको अपूरणीय क्षति

नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले निम्स दाइलाई 'हिमाल जित्ने मानिसमात्र होइन, सपना जगाउने मित्र'का रूपमा स्मरण गर्नुभएको छ ।

उहाँका अनुसार निम्स दाइको लक्ष्य व्यक्तिगत कीर्तिमान कायम गर्नुमात्र थिएन । उहाँ सुरक्षित, व्यवस्थित र सम्मानजनक पर्वतारोहण संस्कृति निर्माण गर्न, नेपाली गाइड तथा पर्वतारोहीलाई अन्तरराष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न, वर्षभरि हिमाली पर्यटनलाई सक्रिय बनाउन तथा नेपालको साहसिक पर्यटनलाई विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न निरन्तर लागिरहनुभएको थियो ।

## बाढीका कारण देशका विभिन्न राजमार्ग अवरुद्ध

काठमाडौं । अविरल वर्षा, पहिरो तथा बाढीका कारण देशका विभिन्न जिल्लाका प्रमुख राजमार्ग तथा सडकखण्डमा सवारी आवागमन प्रभावित भएको छ ।

नेपाल प्रहरीले आइतबार बिहान ६:०० बजेसम्मको विवरण सार्वजनिक गर्दै केही सडक पूर्ण रूपमा अवरुद्ध भएका र केही सडकमा राति सवारीसाधन सञ्चालनमा प्रतिबन्ध लगाइएको जनाएको छ । काभ्रेपलाञ्चोक र सिन्धुली जोड्ने बिपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक-कटुन्जेबेंसी सडकखण्डमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गरी बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । यसैगरी, कान्तिलोकपथमा पनि बेलुका ५:०० देखि बिहान ५:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । इलाम नगरपालिका-९ मेची राजमार्गमा वर्षाका कारण सडक हिलाम्मे भएपछि सवारी आवागमन पूर्ण रूपमा बन्द भएको छ ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकास्थित अरनिको राजमार्गका जिरोकिलो र कोदारी क्षेत्रमा पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । दोलखाको तामाकोशी गाउँपालिका-५ किर्नेटारस्थित लामासाँघु-रामेछाप सडकखण्डमा सामाकोशी खोलाको बहावले सडक कटान गरेपछि उक्त सडक पनि अवरुद्ध भएको छ । रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेस्थित पासाङ ल्हामु सडकखण्डमा त्रिशूली नदीले कटान गरेकाले उक्त सडक पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । त्यसैगरी, गोरखाको धार्चे गाउँपालिका-३ अन्डरडाँडामा पहिरो खस्दा लार्के-बेनीघाट कच्ची सडक पनि पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com